REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs Date: 23.12.2024

---

*PM Rojgar Mela*

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भन्नुभएको छ पछिल्ला डेढ़ वर्षमा देशका लगभग दस लाख युवाहरूलाई सरकारी नोकरी उपलब्ध गराइएको छ ।

उहाँले आज भिडियो कन्फरेन्सको माध्यमद्वारा एकात्तर हजार भन्दा धेरै नवनियुक्त कर्मीहरूलाई नियुक्ति पत्र वितरण गरियो ।

प्रधानमन्त्री भन्नुभयो यो रोजगार पूर्ण पारदर्शी ढंगमा उपलब्ध गराइँदैछ र नवनियुक्तकर्मी सम्पर्ण र सत्यनिस्ठाका साथ रास्ट्र सेवा गरिरहेछन् ।

श्री मोदीले भन्नुभयो विगत दस वर्षदेखि देशका विभिन्न मन्त्रालय विभाग र संस्थानहरूमा सरकारी नोकरी उपलब्ध गराउने अभियान चलाइँदेछ ।

उहाँले भन्नुभयो रोजगार मेलाले युवाहरूलाई सशक्त बनाइरहेछ र उनीहरूका सम्भावनाको मार्ग खेलिँदेछ।

श्री मोदीले भन्नुभयो देशका युवाहरूको क्षमता र प्रतिभाको पूर्ण उपयोग गर्नु सरकारको प्राथमिकता हो ।

प्रधानमन्त्रीले भन्नुभयो सरकारले मातृभाषाहरूमा शिक्षा परीक्षाको अनुमति दिएर तथा तेह्र भाषाहरूमा भर्ती परीक्षाको सुविधा उपलब्ध गराएर सीमान्त समुदायहरूका भाषा सम्बन्धी बाधालाई हराएको छ ।

यस अवसरमा केन्द्रीय कार्मिक तथा प्रशिक्षण राज्य मन्त्री डा. जितेन्द्र सिंहले भन्नुभयो एकात्तर हजारमध्ये लगभग पचास हजार नियुक्ति अर्ध्दसैनिक बलमा गरिएको छ ।

उहाँले भन्नुभयो कुल नियुक्तिहरूमध्ये लगभग एक्काइस हजार नियुक्ति पत्र अन्य पछौटे वर्गका मानिसहरूलाई वितरण गरिएको छ ।

---

## *MOS Rojgar Mela*

यसैवीच केन्द्रीय आयुष तथा स्वास्थ्य एवं परिवार कल्याण राज्य मन्त्री श्री प्रताप राव जादव आज तादोङ गान्तोकमा आयोजित रोजगार मेला 2024 मा उपस्थित रहनुभयो ।

भारत तिब्बत सीमा पुलिस ITBP को सहयोगमा यसको आयोजना गरिएको थियो ।

रोजगार मेलामा उहाँले आज नियुक्तिपत्र प्राप्त गर्ने युवाहरूलाई बधाई दिनुभयो र भन्नुभयो 2047 सालसम्ममा विकसित भारत बनाउने प्रधानमन्त्री श्री नरेन्द्र मोदीको सपना पूरा गर्न युवा पिढ़ीको हातमा छ।

श्री जादवले भन्नुभयो-भारत सरकारले केन्द्र सरकारका कठिन भर्ती प्रक्रियालाई सहज बनाएको छ ।

केन्द्रीय मन्त्रीले केन्द्र सरकारका प्रत्येक कर्मचारीलाई कर्मयोगी बताउनुभयो र आज नियुक्तिपत्र प्राप्त गर्ने नवनियुक्त कर्मीहरूमा देशमा विकासमा योगदान दिने भावना जगाउनुभयो ।

2022 सालको अक्तूबर महीनामा प्रधानमन्त्री श्री नरेन्द्र मोदी प्रशासनद्वारा शुरू गरिएको पहल रोजगार मेलाको उद्देश्य विकसित भारत 2047 का लागि रास्ट्र निर्माण र स्व सशक्तिकरणमा सहभागिताका लागि युवाहरूलाई अवसर प्रदान गर्नु हो ।

श्री जादवले आज अस्सीजना युवाहरूलाई नियुक्तिपत्र हस्तान्तरण गर्नुभयो ।

रोजगार मेला देशका पैंतालिस स्थानहरूमा आयोजित गरियो ।

नवनियुक्त कर्मीहरू गृह मन्त्रालय, डाक विभाग, उच्च शिक्षा, स्वास्थ्य तथा परिवार कल्याण, सामेल हुनेछन् ।

---

## *MOS Visited RARI*

केनद्रीय आयुष तथा स्वास्थ्य एवं परिवार कल्याण राज्य मन्त्री स्वतन्त्र प्रभार श्री प्रतापराव जादवले आज गान्तोक स्थित क्षेत्रीय आयुर्वेद अनुसन्धान संस्थानको पनि भ्रमण गर्नुभयो ।

भ्रमणविधमा उहाँले संस्थानका वर्तमान परियोजना र गतिविधिहरूको समीक्षा गर्नुभयो ।

आफ्नो वक्तव्यमा श्री जादवले भारतको स्वास्थ्यरक्षा व्यवस्थामा आयुष प्रणालीको महत्वपूर्ण भूमिका रहेको कुरो बताउनुभयो ।

यस अवसरमा संस्थानका सहायक निदेशक प्रभारी डा. अचिन्त्य मित्रले अनुसन्धानलाई बढ़ाउने र आधुनिक विज्ञानसित पारम्परिक आयुर्वेदको ज्ञानलाई समन्वित गर्ने क्षेत्रीय आयुर्वेद शोध संस्थानका कार्यहरूबारे आवगत गराउनुभयो ।

---

## *CM Pre Christmas Celebration*

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ आज रम्फु मैदानमा आयोजित दोस्रो राज्यस्तरीय क्रिसमस पूर्व अनुस्ठानमा उपस्थित रहनुभयो ।

यस अवसरमा अन्यवाहेक राज्यविधानसभा अध्यक्ष, उपाध्यक्ष, मन्त्रीगण, विधायकवर्ग, धर्मगुरू र श्रध्दालुहरूको उपस्थिती थियो ।

शान्तिका लागि प्रार्थनाप्रति समर्पित यस अनुस्ठानमा श्री तामाङले हालैको भलपैह्लोलाई ध्यानमा राखेर प्रार्थना गर्नुभयो ।

अध्यात्मिकताको महत्वमाथि जोड़ दिँदै उहाँले सबैलाई व्यक्तिगत र सामूहिक विकास दुवैका लागि आफ्नो दैनिक जीवनमा असल कार्य गर्न प्रोत्साहित गर्नुभयो ।

यसअघि आफ्नो वक्तव्यमा मुख्यमन्त्रीका राजनीतिक सचिव श्री जेकब खालिङले राज्यमा विभिन्न समुदायवीच सदभावना र समावेशनप्रति प्रतिवध्दताका लागि मुख्यमुन्त्रीप्रति आभार प्रकट गर्नुभयो ।

क्षेत्रको धनी संस्कृति र परम्परा दर्शाउने सांस्कृतिक प्रस्तुती समारोहको अन्य आकर्षण थियो ।

---

## *Football*

गान्तोकको पाल्जोर स्टेडियममा भइरहेको सिक्किम Rising Star Under 17 फुटबल टुर्नामेण्ट अन्तर्गत तेस्रो स्थानका लागि आज भएको म्याचमा ठिटाहरूको वर्गमा Gangtok Himalayan स्पोर्टिङ क्लबले सिनोल्चु फुटबल क्लब एक गोलले परास्त गरयो ।

आजै भएको ठिटीहरूको खेलामा पाक्योङ युनाइटेडले, United बोझोघारी स्पोर्टिङ क्लबलाई एकको विरूध्द दुई गोलले हरायो।

भोलि ठिटीहरूवीच फाइनलमा म्याच हुनेछ।

यसमा सिङ्गलिङ्ग Sporting Association मानेबुङ देन्ताम स्पोटर्स सोसाइटीसित भिड़ने ठिटाहरूको फाइनल आउँदो चार जनवरीमा हुने भएको छ।